३३औं कार्यपालिका बैठक २०८१।२।१५ गते

प्रस्ताव नं. १ सम्मानित सर्वोच्च अदालतको उत्प्रेषण आदेश मुद्दाको अख्तियारी सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं. १ बस्ने टिकाराम शाहको छोरा वर्ष ४७ को खडक बहादुर शाहले टीकापुर नगरपालिका कैलाली, टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कैलाली र टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत समेतलाई विपक्षी बनाई सम्मानित श्री सर्वोच्च अदालतमा उत्प्रेषण, परमादेश लगायत अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरी पाँउ भन्ने विषयको रिट नं.२०८०-WO-१२३१ दायर भई उक्त मुद्दाको म्याद तामेली मिति २०८१।०२।१४ गते भएकोमा टीकापुर नगरपालिका र नगर कार्यपालिकाको तर्फबाट मुद्दाको लिखित जवाफ पेश गर्ने, कानून व्यवसायी नियुक्त गर्ने, तारेख रुजु हाजिरी गर्ने लगायतका काम गर्नका लागी यस टीकापुर नगरपालिकाका नगर प्रमुख श्री रामलाल डगौरा थारुलाई अख्तियारी दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ आयोजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी नगर सभाबाट अनुमोदन तथा समर्थन हुने गरी क्षेत्रगत आयोजना तथा कार्यक्रमहरुको प्रगति समिक्षाको आधारमा तपसिल बमोजिम आयोजना तथा कार्यक्रमहरुलाई संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.स. | साविक आयोजना तथा कार्यक्रम | साविक विनियोजित रकम रु. | क्र.स. | संशोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | विनियोजन रकम | कै |
|---|---|---|---|---|---|---|---|
| १ | ओपन स्पेस संरक्षण तथा सम्बर्धन गर्न (लागत साझेदारी) | १५७२०७।३० | १ | ईलाका प्रहरी कार्यालयको पुस्तकालयको रयाग निर्माण | टीकापुर-१ ब्लक नं.१४ | २८०००।- | |
| २ | होटेल म्यानेजमेन्ट तालिम | २८१३८२।२० | २ | फुटपाथ ब्लक साँचो खरिद | टीकापुर-१ एकतानगर | ३१३८२।२० | |
| | | | ३ | वडा नं.१ का विभिन्न सडक मर्मत (खाल्डा खुल्डी पुर्ने) | टीकापुर-१ | २७९२०७।३० | |
| | | | ४ | प्रतिक्षा टोलको मुल बाटोको नेत्र बनको घर देखि पूर्व भिम तहको घर सम्मको सडकमा माटो पटानी | टीकापुर-१, ज्योतीनगर | १०००००।- | |
| ३ | आर्थिक सवलीकरण तथा आयआर्जनमुलक कार्यक्रम | २०००००।- | ५ | १ नं.वडा कार्यालयका लागी कार्यालय व्यवस्थापन (ब्याट्री,ईन्भर्टर,पंखा खरिद) | टीकापुर-१, | २०००००।- | |
| ४ | विश्वशान्ती समाज तथा अध्यात्म विज्ञान समाजको ट्रस भवन निर्माण | १५००००।- | ६ | अमर ठकुल्लाको घर देखी खगेन्द्र भण्डारीको घर हुँदै केशव ढुँङ्गानाको घर सम्म र | टीकापुर-१ ब्लक नं.२३ | १५००००।- | |

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

२०८१/२/१५

नगर प्रमुख

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | तपेन्द्र साउदको घर जाने बाटोमा माटो पटानी तथा ग्राभेल | | | |
| ५ | ईन्धन (पूर्वाधार विकास) वडा नं.१ | ७०००००।- | ७ | समितिपुर टोलका सडकमा माटो पटानी ग्राभेल | टीकापुर-१, | ३११६७०।- | |
| | | | ८ | सूर्यनगर टोलका सडकमा माटो पटानी तथा ग्रभेल | टीकापुर-१, सूर्यनगर | १४४२६७।३० | |
| | | | ९ | जनक रावलको घर देखि भित्र गोबिन्द चौधरीको घर सम्मको वाटो माटो पटानी तथा ग्राभेल | टीकापुर-१, पशुहाट बजार | २४४०६२।७० | |
| ६ | वडा स्तरीय खेलकुद संचालन गर्न सामाग्री वितरण | २०००००।- | १० | नगर स्तरीय अन्तर विधालय खेलकुद कार्यक्रम | टीकापुर-१ | ३००००।- | |
| | | | ११ | चेतनसिल युवा क्लब विशाल नगर कैलाली | टीकापुर-१ | २००००।- | |
| ७ | व्यवसाय कर तथा घर बहाल करको लगत संकलन सम्बन्धी घर दैलो कार्यक्रम | १०००००।- | १२ | राजस्व उपशाखाका लागि मेशिनरी औजार तथा विद्युतिय उपकरण खरिद | टीकापुर-१ | ३०००००।- | |
| ८ | बडघर, सहायक बडघर, चिराकी, भलमन्सा, टोल विकास संस्था लगायत वडामा रहेका अगुवा समाजवसेवीहरुका लागि एकिकृत सम्पत्ति तथा मालपोत कर सम्बन्धी अनुशिक्षण कार्यक्रम | १०००००।- | | | | | |
| ९ | राजस्व वृद्धि र व्यवस्थापनका लागि विषय विज्ञसंग परामर्श तथा सरोकारवालासंग छलफल कार्यक्रम | १०००००।- | | | | | |
| १० | भू-उपयोग-GIS Software संचालन क्षमता अभिवृद्धि तालिम | ५०००००।- | १३ | मेसिनेरी उपकरण तथा इलेक्टोनिक सामग्री खरिद | टीकापुर न.पा. | ५०००००।- | |
| ११ | भू-उपयोग- क्षेत्र वर्गिकरण अभिमुखीकरण तालिम | ५०००००।- | १४ | जनजागृति मा.वि. सितापुरमा टिनको छानामा फल सिलिंग कार्य | टीकापुर-२ | १३००००।- | |
| | | | १५ | मालपोत कार्यालय टीकापुरको व्यवस्थापन खर्च | टीकापुर न.पा. | १०००००।- | |
| | | | १६ | हाम्रो मालिका एफ.एम.द्वारा नगरपालिकाको डकुमेन्ट्री निर्माण | लम्की | ७५०००।- | |
| | | | १७ | ने.क.पा. एमाले टीकापुरलाइ अधिवेसन व्यवस्थापन खर्च | टीकापुर न.पा. | ९५०००।- | |

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल

रामलाल डगौरा थारु

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १८ | टीकापुर पार्क तथा कार्यालय हाताका लागी निमखली मल खरिद | टीकापुर-५ | १०००००।- | |
| १२ | विश्वनाथ धाम स्थापना कार्यविधि निर्माण | १०००००।- | १९ | कृषि क्याम्पसको वाटो निर्माणका लागी फ्युल खर्च | टीकापुर-१ | १०००००।- | |

प्रस्ताव नं. ३ क्रसर संचालन अनुमति सम्बन्धमा ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस टीकापुर नगरपालिका वडा नं. २ सनकट्टी स्थित कर्णाली नदिमा बनिरहेको पुल निर्माणको लागि मिनि क्रसर संचालनको लागि पुल निर्माण कम्पनी रसुवा कन्टक्सनले वडा नं. २ स्थित दाने सुनारको नाममा दर्ता श्रेष्ता कायम भएको साविक टीकापुर नगरपालिका वडा नं. ८ क कि.नं. २१९ को क्षेत्रफल ०-१०-० जग्गा आसपासको जग्गामा मिनि क्रसर संचालन गर्न जग्गा धनी, सामुदयिक वनका पदाधिकारी तथा स्थानीयहरुको सहमतिमा वडा कार्यालयले मिनि क्रसर संचालनका लागि सिफारिस गरेकोले सो स्थानमा सनकट्टी स्थित कर्णाली नदिमा निर्माणधिन पुल निर्माण सम्पन्न अवधि सम्मका लागि अनुमति दिने निर्णय गरियो ।

प्रमाणित

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली

२०७९/२/१५

प्रमुख प्रशासकिय अधिकृत

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner